# बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/११/०३

प्रमाणित मितिः २०७५/११/०६

**प्रस्तावना :** देशमा रहेको वालविवाह जस्ता कुप्रथाहरुको अन्त्य गर्ने कार्यक्रमहरु संचालन गर्ने खर्च सम्वन्धी कार्यविधि, २०७५ महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम “बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५” रहेको छ ।

(ख) यो कार्यविधि महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “प्रदेश र स्थानीय तहको वालअधिकार समिति” भन्नाले वालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ६० वमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ख) “मन्त्रालय ” भन्नाले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग) “राष्ट्रिय वालअधिकार परिषद” भन्नाले वालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद सम्झनुपर्दछ ।

(घ) “वालकल्याण अधिकारी” भन्नाले वालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ वमोजिम नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(ङ) “वालविबाह” भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनुपर्दछ ।

(च) “विभाग” भन्नाले महिला तथा वालवालिका विभाग सम्झनुपर्दछ ।

(छ) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्दछ ।

## परिच्छेद २

## कार्यक्रम संचालन र उद्देश्य

३. **कार्यविधिको उद्देश्यः**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चित गर्ने ।

३. बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिवर्तनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

४. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

४. **कार्यक्रम संचालन** :

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

आठबिसकोट नगरपालिका रुकुम पश्चिम

२. बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका वालवालिकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

३. वालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने ।

३. बालविवाह विरुद्ध सामुदायिक स्तरमा बाल क्लब, युवा क्लब वा अन्य समुह निर्माण गर्ने वा भएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

४. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरी वालविवाह विरुद्ध पारिवारीक सचेतना कार्यक्रम संचालन गर्ने ।

५. वालविवाह, लैंगिकविभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा वालक, किशोर तथा पुरुषहरुको सहभागीता गराउने सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

## परिच्छेद ३

## खर्च र लेखापरिक्षण

**५. खर्च र लेखापरीक्षणः**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ। सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनुपर्नेछ।

**६. प्रतिवेदन पेश गर्नुपर्ने :**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाका व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्नेछ।

## परिच्छेद : ४

## विविध

**७. विविधः**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्दा बालविबाह अन्त्यका लागि राष्ट्रिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ।

**प्रमाणित गर्ने अधिकारीकोः**

दस्तखतः

नाम,थरः रामबहादुर के.सी.

पदः नि.प्रमुख प्रशासकीय अधिकृत

कार्यालयः आठविसकोट नगरपालिकाको कार्यालय

मिति : २०७५/११/०६ गते

आठविसकोट नगरपालिका रुकुम पश्चिम